# एशियनलाईफ इन्स्योरेन्स कं.लि.

को

## प्रेस विज्ञप्ती

एशियनलाईफ इन्स्योरेन्स कं.लि. को आठौं तथा नवौं वार्षिक साधारण सभा बीरगंज स्थित होटल भिश्वा मा यही २०७३ साल चैत्र १७ गते बिहिवार सम्पन्न भएको छ । संचालक समितिको तर्फबाट अध्यक्ष श्री बिजय कुमार सरावगीले आ.व.२०७१।०७२ र आ.व.२०७२।०७३ को वार्षिक प्रतिवेदन पेश गर्नु भयो।

आ.व.२०७२।०७३ मा रहेको बाँडफाँड योग्य खुद मुनाफा मध्ये लाग्ने कर कट्टा गरी बाकी रु.१३,४२,६५,५४०। बराबरको रकम लाभाँशको रुपमा बोनस शेयर वितरण गर्ने प्रस्ताव साधारण सभाबाट पारित भएकोछ । साथै बोनस शेयर वितरण पश्चात कम्पनीको चुक्तापूँजी रु.८०,५५,९२,४००। पुग्ने छ ।

बोनस शेयर वितरण पश्चात हुने कम्पनीको चुक्तापूँजीको २ बराबर १ को अनुपातमा हकप्रद शेयर समेत जारी गर्ने प्रस्ताव साधारण सभाबाट पारित भएकोछ । हकप्रद शेयर पश्चात कम्पनीको चुक्तापूँजी रु.१ अरब बीस करोड ८३ लाख ८८ हजार ६ सय बराबर पुग्नेछ । श्री बीमा समितिको पछिल्लो निर्देशन बमोजिम जीवन बीमा कम्पनीहरुले न्यूनतम चुक्तापुँजी रु.५० करोड कायम गर्नु पर्ने प्रावधान रहेको छ ।

साधारण सभाले संस्थापक शेयरधनी समूह "क" बाट ५ जना संचालककहरुमा श्री बिजय कुमार सरावगी, श्री दिनेशलाल श्रेष्ठ, श्री सुशान्त चाचान, श्री दीपक कुमार श्रेष्ठ र श्री सुरेन्द्र गोयल तथा सर्बसाधारण शेयरधनी समूह "ख" बाट श्री रबी कुमार गुप्ता र श्री सौरभ रुगंटा लाई आगामी चार वर्षको लागि संचालक पदमा निर्विरोध निर्वाचित गरेकोछ ।

कम्पनीले स्थापनाको करिब ९ वर्षसम्मको अवधिमा अर्थात २०७३ साल पौष मसान्त सम्ममा रु.८ अर्ब ८६ करोड ५७ लाखको जीवनबीमा कोष र रु.८ अर्ब ६६ करोड २२ लाख लगानी तथा कर्जामा रहेको छ । त्यस्तै गरी कम्पनीले चालु आ.व. कों फाल्गुण मसान्त सम्ममा कूल रु.१ अर्ब ३९ करोड १२ लाख बीमाशुल्क आर्जन गरीसकेको छ । कम्पनीले पूर्व मेची देखि पश्चिम महाकाली सम्म २३ वटा शाखा तथा ७२ वटा उपशाखाहरुबाट करिब १२ हजार सक्रिय अभिकर्ताहरुको संजाल मार्फत बीमा सेवा प्रदान गर्दै आईरहेको छ ।

२०७२ साल बैशाख १२ र २९ गते गएको बिनाशकारी महाभुकम्पमा परी दिवंगत भएका यस कम्पनीका बीमीतहरु मध्ये मिति २०७३ पौष मसान्तसम्म दावी संख्या ६६को शतप्रतिशतले दावीभुक्तानी रु.८१ लाख ५२ हजार तीन सय बयालीस निजका आश्रित तथा ईच्छाएको हकवालालाई गरी सकिएको छ ।

कम्पनीले हाल सम्म बालबालिकालाई लक्षित गरी बाल उमंग तथा बालभविष्य बीमा योजना, सबैको हातमा पेन्सन भन्ने नारा सहित पेन्सन बीमा योजना, एशियन सावधिक, अग्रिमभुक्तानी सावधिक, सुखी जीवन बीमा योजना, जीवन रत्न (सिमित भुक्तानी सावधिक) जीवनबीमा योजना, पतीपत्नीको लागि संयुक्त सावधिक जीवनबीमा योजना (Joint Life Plan) तथा धन समृद्धि आदि जस्ता योजनाहरु प्रचलनमा ल्याएको छ । आगामी दिनहरुमा नेपालको ७५ जिल्लाको अधिकांश गाँउहरुमा समेत जीवन बीमाको पहुँच पुऱ्याई सर्वसुलभ बीमा सेवाप्रदान गर्ने तथा समय सापेक्ष र आकर्षक तथा नयाँबीमा योजनाहरु ल्याउने कम्पनीको योजना रहेको छ ।

मिति २०७३ चैत्र१७

(राजेश कुमार श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत